आज मिति २०७३।०८।२१ गतेका दिन यस मल्योङ्गी गाउँपालिका अध्यक्ष श्री अर्जुन गुरुङज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसील बमोजिमको निर्णय गरियो।

उपस्थिती :-

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म.गा.पा. )
उपाध्यक्ष :- श्री पुना माया थापा (उपाध्यक्ष " )
वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ (वडा नं.१ " )
वडा अध्यक्ष :- श्री चेतबहादुर गुरुङ (वडा नं.२ )
वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा नं.३ " )
वडा अध्यक्ष :- श्री बल बहादुर गुरुङ (वडा नं. ४ " )
वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा नं. ५ " )
वडा अध्यक्ष :- श्री मीन राज गुरुङ (वडा नं. ६ " )
वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा नं. ७ " )
वडा अध्यक्ष :- श्री धन सिंह तामाङ (वडा नं. ८ " )
वडा अध्यक्ष :- श्री हरिश्चन्द्र थापा (वडा नं. ९ " )
कार्यपालिका सदस्य :- श्री पुण कोमरी गुरुङ
कार्यपालिका सदस्य :- श्री पुष्प घले
कार्यपालिका सदस्य :- श्री पुष्पकाशी गुरुङ
कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली
कार्यपालिका सदस्य :- श्री मञ्जु माया बगाले
कार्यपालिका सदस्य :- श्री सोम्बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत :- श्री प्रेमचन्द्र अधिकारी

**मिति २०७९ मङ्सिर २९ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको कार्यपालिकाको बैठकका निर्णयहरु**

**१: अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**

मिति २०७९/०७/२० गतेको मर्स्याङ्दी गाउँपालिकाको कार्यपालिकाको बैठकका निर्णयहरू कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**२. राष्ट्रिय योजना आयोगको समपुरक तथा विशेष अनुदान कार्यक्रम प्रस्ताव आह्वान सुचना सम्बन्धमा ।**

नेपाल सरकार, राष्ट्रिय योजना आयोगको मिति २०७९/०८/१९ गते प्रकाशित प्रदेश सरकार र स्थानीय तहमा आ.व. २०८०/८१ का लागि सङ्घीय समपुरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान संम्बन्धी सूचना बमोजिम यस मर्स्याङ्दी गाउँपालिकाको निम्न आयोजनाहरु पठाउने निर्णय गरियो ।

- **समपुरक अनुदान तर्फ :**
  १. खुदी - सिउरुङ - स्याङ्गे सडक
  २. खुदी - घनपोखरा नायूँ सडक
  ३. बाहुनडाँडा - घेर्मु सडक
  ४. खुदी - पाम्पचोक - भलामचौर -- घलेगाउँ सडक
- **विशेष अनुदान तर्फ :**
  १. डा. हर्क गुरुङ समाधिस्थल पार्क
  २. खुदी खोला तडबन्ध
  ३. मर्स्याङ्दी नदी तडवन्ध
  ४. सिम्पानी खानेपानी योजना
  ५. भुलभुले खानेपानी योजना
  ६. सिम्पानी सिचाँई योजना
  ७. छहरेखोला सिचाँई योजना
  ८. सिमलचौर भूमिगत सिँचाई योजना

**३: फोहोर मैला सङ्कलन तथा व्यवस्थापन सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको फोहोर मैला व्यवस्थापन ऐन २०७९ को परिच्छेद ४ को दफा ११ (२) बमोजिम प्राप्त भएका निवेदनको आधारमा फोहोर मैला व्यवस्थापन ऐन, २०७९ को परिच्छेद ४ को दफा ११ (३) बमोजिम फोहोर मैला सङ्कलन तथा व्यवस्थापनको जिम्मेवारी मर्स्याङ्दी गाउँपालिका वडा नं. ८, भुलभुलेका स्थानीय युवाहरूको समूहलाई दिने निर्णय गरियो ।

**४: म्याद थप सम्बन्धमा ।**

यस गाउँपालिकाबाट आ.व. ०७८/७९ मा ठेक्का लगाइएका ४ वटा वडा कार्यालय भवन (वडा नं २, ४, ५ र ९) को म्याद असोज १५ सम्म भएको तर निर्माण कार्य गर्ने क्रममा निर्माण सामाग्रीको अभाव, प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनले कामदारको अभाव साथै समय अगावै सुरुवाती वर्षाका कारण ढुवानी कार्य गर्न नसकेको उल्लेख गर्दै निवेदन पेश भएको हुनाले सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२० बमोजिम २०७९ पुस १५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।



अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

**५: सीप मूलक कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिका भित्र स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने तथा युवाहरूमा जीविकोपार्जन सम्बन्धी सीप विकास गर्ने उदेश्यले आ.व. ०७८/७९ मा कार्यक्रम सञ्चालन गर्ने तय भएको तर विविध कारणले सो कार्यक्रम हुन नसकेको हुनाले छनौट भएर बमोजिमका व्यक्तिहरूका लागि चालु आ.व. ०७९/८० मा सीप मूलक तथा क्षमता विकास कार्यक्रम शीर्षकबाट खर्च हुने गरी उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**६: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडागत योजना तर्जुमा सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्रबाट आ.व. ०७९/८० मा रोजगार सूचना व्यवस्थापन प्रणाली (ई.एम.आई.एस.)मा सूचीकृत बेरोजगारहरूको प्राथमिकता क्रमको सूचिमा परेका बेरोजगारहरूको अनुपातका आधारमा चालु आ.व. ०७९/८० मा रोजगारी प्राप्त गर्ने वडागत बेरोजगारहरूको संख्या निम्न अनुसार रहेको छ । यस आ.व. ०७९/८० मा न्यूनतम रोजगारी प्राप्त गर्ने तपशीलका वडागत बेरोजगारहरूको विवरणलाई सदर गरी जम्मा १३७ जना बेरोजगारहरूलाई न्यूनतम रोजगारी दिनको लागि सोही संख्या बमोजिम वडागत योजना तर्जुमा गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र. सं. | वडा नम्बर | बेरोजगारको संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ५ | |
| २ | २ | १४ | |
| ३ | ३ | १८ | |
| ४ | ४ | २२ | |
| ५ | ५ | २० | |
| ६ | ६ | ८ | |
| ७ | ७ | १६ | |
| ८ | ८ | १४ | |
| ९ | ९ | २० | |
| | जम्मा | १३७ | |

**७: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना सम्बन्धमा ।**

मर्स्याङ्दी गाँउपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्याक्रम, रोजगार सेवा केन्द्रको यस आ.व. ०७९/८० को वडागत रुपमा प्राप्त प्राथमिकता क्रममा सूचिकृत बेरोजगारहरूको संख्याको आधारमा योजना तर्जुमा गर्ने सम्बन्धमा छलफल गर्दा प्राथमीकता क्रममा सूचिकृत वेरोजगारहरुको न्यूनतम रोजगारी प्राप्त गर्ने वडागत बेरोजगारहरूको संख्याको आधारमा निम्न योजनाहरु तय गर्ने निर्णय गरियो ।



अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

तपशिल

| क.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | वडा नं. १ विविध सामुदायिक पूर्वाधार निर्माण तथा मर्मत योजना | |
| २. | वडा नं. २ विविध सामुदायिक पूर्वाधार निर्माण तथा मर्मत योजना | |
| ३ | वडा नं. ३ विविध सामुदायिक पूर्वाधार निर्माण तथा मर्मत योजना | |
| ४ | वडा नं. ४ विविध सामुदायिक पूर्वाधार निर्माण तथा मर्मत योजना | |
| ५ | वडा नं. ५ विविध सामुदायिक पूर्वाधार निर्माण तथा मर्मत योजना | |
| ६ | वडा नं. ६ विविध सामुदायिक पूर्वाधार निर्माण तथा मर्मत योजना | |
| ७ | वडा नं. ७ विविध सामुदायिक पूर्वाधार निर्माण तथा मर्मत योजना | |
| ८ | वडा नं. ८ विविध सामुदायिक पूर्वाधार निर्माग तथा मर्मत योजना | |
| ९ | वडा नं. ९ विविध सामुदायिक पूर्वाधार निर्माण तथा मर्मत योजना | |

**८. आर्थिक सहायता सम्बन्धमा ।**

क) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको **विपद् व्यवस्थापन कोषबाट** निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- मधुराम भण्डारी, (मर्स्याङ्दी -९, रु.२०,०००।- (आगलागिबाट घर क्षति)
- विमल पौडेल, मर्स्याङ्दी -९, रु. रु.२०,०००।- (आगलागिबाट दोकान क्षति)

ख) विविध कार्यक्रम खर्च (२२५२९)अन्तर्गतको **विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट** निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- त्रिवेणी यूवा क्लव, बेसिशहर, लमजुङ रु. ५०,०००।-
- तेस्रो ताघृङ पर्यटन उत्सव तथा ल्होसार पर्व २०७९, मर्स्याङ्दी -४, रु. ५०,०००।-
- युनाईटेड विच यूवा क्लव, मर्स्याङ्दी -२, रु. ५०,०००।-
- तमु ह्युल छोज धीं, बेसिशहर ईकाई रु. २५,०००।-
- तीज उत्सव २०७९, बेसिशहर, रु.२५,०००।-
- रेडियो चौतारी ९१.४ मेगाहर्ज, बेसिशहर रु.२०,०००।-

ग) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको **असक्त, असहाय, विपन्न सहायता कोषबाट** निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- धन बहादुर दमै, मर्स्याङ्दी -७, रु. १५,०००।- (देव्रे खुट्टा अगंछेदन गर्नु पर्ने उपचार)

९. सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च (२२५१२) शिर्षक बाट महिला सञ्जाल, मर्स्याङ्दी गाउँपालिकालाई महिला हिँसा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न रु.१,००,०००।- एक लाख उपलब्ध गराउने निर्णय गरियो ।

१०. वडा नं. ४ को लागि विपद् व्यवस्थापन कोषमा विनियोजित बजेटबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- टेक बहादुर गुरुङ, मर्स्याङ्दी -४, रु.१५,०००।- (वर्षातले घर क्षति)
- राजेन्द्र श्रेष्ठ, मर्स्याङ्दी -४, रु.१०,०००।- (वर्षातले घर जोखिममा रहेकोले सोको व्यवस्थापन गर्न)



अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner